प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पूर्व)

## प्रस्ताव आव्हान सम्बन्धी सार्वजनिक सूचना

२०७७।१२।०५

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७।१२।०५ गते

यस कार्यालयको चालु आ.व. २०७७/०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु सञ्चालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिने कार्यक्रम रहेकाले रुकुम (पूर्व) जिल्ला भित्र उल्लेखित कार्यक्रम संचालन गर्न इच्छुक योग्यता पुगेका र नियमानुसार दर्ता भएका वन उपभोक्ता समूह, व्यक्ति, निजी क्षेत्र, अन्य समूह तथा सहकारी संस्थाहरुले यस सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । रित नपुगी र म्याद नाघी आएको प्रस्ताव माथी कुनै कारवाही हुने छैन ।

तपशिल

| सि. नं. | कार्यक्रमको नाम | प्रस्तावक | प्रस्तावको क्षेत्र | बजेट रु. (कन्टिन्जेन्सी समेत) |
|---|---|---|---|---|
| १ | एक जिल्ला एक नमूना कृषि वन कार्यक्रम | वन समूह, कृषि समूह, ५ भन्दा बढी घरधुरीको समूह | वन क्षेत्रभन्दा बाहिर कृषि वन प्रवर्द्धन गर्न आयमूलक वनजन्य जडिबुटी तथा फलफुलका विरुवा खरिद, रोपण, स्याहार आदी । | १५,००,०००। |
| २ | जडिबुटी विरुवा उत्पादन, खेती विस्तार | पकेटक्षेत्रभित्रका वन समूह, कृषि तथा सहकारी समूह, निजी जग्गाधनी | जडिबुटी विरुवा उत्पादन/खरिद, ढुवानी, रोपण, खेती, बारबेर, सिचाई आदी । | ५,००,०००। |
| ३ | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | पकेटक्षेत्रभित्रका उद्यमी, वन समूह, किसान | जडिबुटी विरुवा उत्पादन/खरिद, ढुवानी, रोपण, खेती, बारबेर, सिचाई आदी | ५,००,०००। |
| ४ | पकेट क्षेत्रमा जडिबुटी उत्पादन, खेती विस्तार, भण्डारण | पकेटक्षेत्रभित्रका उद्यमी, वन समूह | जडीबुटीको उत्पादन, खेती विस्तार, भण्डारण केन्द्रको स्थापना आदी । | १०,००,०००। |

द्रष्टव्यः

१ प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

२ प्रस्तावको साथमा निम्न कागजातहरु संलग्न राख्नुपर्नेछ ।

क. आवेदन पत्र ख. व्यक्ती भएमा नेपाली नागरिकताको प्रमाण पत्र

ग. संस्था भएमा दर्ताको प्रमाण पत्र तथा नवीकरणसम्बन्धी कागजातहरु

घ. संक्षिप्त व्यवसायिक कार्ययोजना (आर्थिक र प्राविधिक प्रस्तावसहित)

ङ. सम्बन्धित गा.पा./वडा कार्यालयको सिफारिस पत्र

च. निजी जग्गामा खेती गरिने भए खेती गरिने जग्गाको जग्गाधनि प्रमाण पुर्जा, तिरो तिरेको रसिदको प्रतिलिपि तथा क्षेत्रफल खुल्ने नक्शासहितको विवरण

छ. सामुदायिक वनको क्षेत्रमा गरिने भए कार्ययोजनामा भएको व्यवस्था, उपभोक्ता समुहको सहमतिपत्र तथा क्षेत्रको विवरण

३ दिगोपनको सुनिश्चितता हुनुपर्नेछ ।

४ इच्छुक समूह, संस्था वा फर्म PAN/VAT मा दर्ता भएको हुनुपर्नेछ ।

५ प्रत्येक कार्यक्रमको भिन्दाभिन्दै शिलबन्दी प्रस्तावपत्र पेश गर्नुपर्नेछ ।

६ पकेट क्षेत्रमा गरिने कार्यक्रमहरु जिल्लाको फोकल टिमले छनौट गरेका पकेट क्षेत्रभित्र मात्र संचालन गर्न सकिनेछ ।

७ थप जानकारीका लागि ०८८-४१३११५, ९८४४१४९१४९ तथा यस कार्यालमा सम्पर्क गर्न सकिनेछ ।